नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२/०१/२४

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०१/२४ गते मुलुकभर सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य जारी रहेको छ । यसै क्रममा नेपाली सेना, मित्रराष्ट्र भारत, चीन र अमेरिकाबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्रका रसुवा, नुवाकोट, धादिङ, गोरखा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, रामेछाप जिल्लाहरुमा राहत प्याकेज पुऱ्याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।

हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतक संख्या सर्वसाधारण- ७७०९ नेपाली सेना-९, नेपाल प्रहरी-५, सशस्त्र प्रहरी - १, निजामती कर्मचारी - ११ र विदेशी - ६७ समेत जम्मा - ७८०२ पुगेको छ । त्यस्तै घाइतेहरुको संख्या नेपाल प्रहरी - १४०, सशस्त्र प्रहरी - २१, विदेशी - ५२ र सर्वसाधारण - १५६९८ समेत जम्मा - १५९११ जना पुगेको छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा चिकित्सक र स्वास्थ्यकर्मीहरुबाट भईरहेको छ । भौतिक क्षतिको विवरण आउने क्रम जारी छ । आज नेपाली सेनाको - ६६०१७ नेपाल प्रहरी - ४१७७६, सशस्त्र प्रहरी बलको - २३७६४ समेत जम्मा - १३१५५७ जना सुरक्षाकर्मी र हजारौ निजामती कर्मचारीहरुलाई उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

विदेशी राष्ट्र तथा संस्थाहरुबाट पीडितहरुका लागि राहत प्राप्त हुने क्रम जारी रहेको छ । आजसम्म भारत, बंगलादेश, म्यानमार, पाकिस्तान, चीन, थाइल्याण्ड, श्रीलंका, इण्डोनेशिया, अजरबैजान, कोरिया, अल्जेरिया, ओमन, स्वीट्जरल्याण्ड, सिंगापुर, जर्मनी, जापान, वहराइन, भुटान, क्यानडा, नेदरल्याण्ड, पोल्याण्ड लगायतका मित्रराष्ट्रहरु र विभिन्न देशका संघ संस्थाहरु समेतबाट राहतका वस्तुहरु प्राप्त भएका छन् । जसअनुसार खाध्य पदार्थ अर्न्तगत चामल - २९१५ क्वीन्टल, चिनी - २९२ क्वीन्टल, नुन - ९६ क्वीन्टल, चिउरा - १८८५ क्वीन्टल, चाउचाउ - १२७१६ कार्टुन, विस्कुट - १९६०८ कार्टुन, ड्राई फुड - १९२१ कार्टुन, पानी - ४१६४७ कार्टुन, अन्य - २३१६८ थान र गैर खाध्य पदार्थ अर्न्तगत टेन्ट - १८३४८ थान, त्रिपाल - १९५०५८ थान, कम्बल - १७०७५४ थान, मेट्रेस - १००५७ थान, अन्य ११३९६ थान रहेका छन् ।

गृह मन्त्रालयमा राहत वितरण गर्ने सरकारी तथा गैरसरकारी निकायहरु समेतबाट प्राप्त पछिल्लो जानाकारी अनुसार भूकम्प प्रभावित क्षेत्रका जिल्लाहरुमा हालसम्म राहत अर्न्तगत खाध्य पदार्थ चामल - १०५२३४.५ क्वीन्टल, चिनी - ७१९.५ क्वीन्टल, नुन - ८५१.५ क्वीन्टल, चाउचाउ २१०६२३ कार्टुन, विस्कुट ७५५५९ कार्टुन, पानी १७७९८ केस, चिउरा - ४८९५ क्वीन्टल, दाल १४५ क्वीन्टल, ड्राई फुड- २५२५ कार्टुन र गैर खाध्य वस्तु त्रिपाल - २६६८१८ थान, सोलार लाईट - ३५२८ थान, कम्बल - ३२५७० थान, लत्ता कपडा

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

२१ बोरा, साबुन - ५६२२६ थान, पानी शुद्धीकरण गर्ने चक्की - २१३१७२ थान, हाइजिन किट - २६७० सेट लगायत ब्ल्याङ्केट, भाडावर्तन समेत प्राभावित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा जम्मा २ अर्ब ४३ करोड ५४ लाख रकम निकासा गरी सकिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार उक्त राहत भूकम्प प्रभावित क्षेत्रमा निरन्तर रुपमा वितरण गरिएको छ । स्थानीयस्तरबाट समेत ठूलो परिमाणमा राहत संकलन भई वितरणको कार्य जारी रहेको छ । राहत वितरण कार्यलाई अझ प्रभावकारी बनाउन प्रभावित जिल्लाहरुमा अनुगमन टालीहरुबाट निरन्तर रुपमा अनुगमन भई रहेको छ ।

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता